
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नै छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ८५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ चैत २६ गते आइतबार ❑ 9 April 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## नयाँ पर्यटन ऐन ल्याउँछौँ : पर्यटनमन्त्री किराती

**पोखरापत्र संवाददाता**
पोखरा, २५ चैत

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले सरकारले नयाँ पर्यटन ऐन ल्याउने तयारी गरेको बताउनुभएको छ।

होटल व्यवसायी महासङ्घ गण्डकी प्रदेशको प्रथम महाधिवेशन पोखरामा उद्घाटन गर्दै उहाँले समयसापेक्ष पर्यटन ऐन ल्याउन लागिएको जानकारी दिनुभयो । "पर्यटन ऐन बदल्नु छ, मभन्दा जेठो पर्यटन ऐन बोकेर हिँड्दैछु । यो ऐनको प्रभावकारिता सकिएकाले नयाँ ऐन ल्याउन लागेका छौँ", उहाँले भन्नुभयो । वर्तमान ऐनमा भएका धेरै विषयहरू सुधार गर्दै समयसापेक्षित पर्यटन ऐन ल्याउने उहाँको भनाइ छ । पर्यटनमन्त्री किराँतीले पर्यटन ऐनका बारेमा पोखरामा समेत आएर पर्यटन व्यवसायी, होटल व्यवसायी लगायत सबै सरोकारवालासँग सुझाव र छलफल गरिने बताउनुभयो । उहाँले मन्त्रालयले २० वर्षे दीर्घकालीन कार्यक्रम घोषणा नगरी आवश्यकताका आधारमा तत्कालका योजना र कार्यक्रम ल्याउने तयारी गरिएको बताउनुभयो । 'घुमौँ नेपाल, हेरौँ प्रकृति र चिनौँ संस्कृति' भन्ने नारासहित पर्यटनको प्रचार अन्तर्राष्ट्रियस्तरमा समेत गर्ने योजना रहेको मन्त्री किरातीले सुनाउनुभयो । पोखरालाई 'ब्राण्डिङ' र 'रिब्राण्डिङ' गर्दै यहाँको प्रकृति र संस्कृतिलाई अन्तर्राष्ट्रिय बजारमा बिक्री गरेर विदेशी मुद्रा आर्जन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । पर्यटनको विकास र विस्तारका लागि पर्यटनलाई उद्योगका रुपमा विकास गर्नुपर्ने उहाँले आवश्यकता औँल्याउनुभयो । मन्त्री किरातीले भन्नुभयो, "म पर्यटन नीति बनाउँछु, पर्यटन बोर्डले प्रवर्द्धनको काम गरोस् । पर्यटन विभागले संरचनागत काम गरोस्, तपाईं व्यवसायीले पनि गुणस्तरीय सेवा दिनुपर्छ ।"

कार्यक्रममा होटल व्यवसायी महासङ्घका वरिष्ठ उपाध्यक्ष शेरबहादुर थापा, गण्डकी प्रदेश नीति तथा योजना आयोगका सदस्य डा सुवास अधिकारी, गण्डकी प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव बद्रीराज ढुङ्गाना, नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका कार्यवाहक प्रमुख नवीन पोखरेल, होटल व्यवसायी महासङ्घ बागमती प्रदेश अध्यक्ष दामोदर नेपाल, होटल व्यवसायी महासङ्घ गण्डकीका अध्यक्ष अर्जुन चोखाललगायतले पर्यटन क्षेत्रमा होटल व्यवसायले ठूलो योगदान गरेकाले पर्यटकलाई सेवा दिने होटललाई राज्यले समानरुपमा हेर्नुपर्नेमा जोड दिनुभएको थियो ।

गण्डकी प्रदेशमा रहेका आठ हजार होटल तथा रेष्टुराँ व्यवसायीको छाता संस्था होटल व्यवसायी महासङ्घ गण्डकीमा जिल्लास्थित होटल व्यवसायी सङ्घ तथा समिति आबद्ध छन् । महाधिवेशनले नया नेतृत्व चयन गर्ने महासचिव देवेन्द्र लम्सालले जानकारी दिनुभयो ।

## कक्षा ११ को तयारी कक्षा तथा शैक्षिक सामाग्रीहरू बिक्री वितरणमा रोक

**पोखरापत्र संवाददाता**
पोखरा, २५ चैत

पोखरामा कक्षा ११ को तयारी कक्षा तथा शैक्षिक सामाग्रीहरू बिक्री वितरणमा रोक लगाएको छ।

पोखरा महानगरको नगर शिक्षा परिषद् र नगर शिक्षा समितिको संयुक्त शनिबार बसेको बैठकले उक्त निर्णय गरेको महानगरले जनाएको छ । पोखरामा आकषर्णमा रहेका अम्मरसिह नमुना मावि, एसओएस हर्मन माइनर लगायतका बिद्यालयमा कक्षा ११ मा भर्ना गर्न पोखराका विभिन्न ट्यूइसन सेन्टर तथा केही कन्सल्टेन्सिहरुले यस अघि तयारी कक्षाको पठन पाठन गराउदै आएका थिए ।

आइतबार देखि एसईई परिक्षा सकिएसंगै केही शैक्षिक संघ संस्थाहरुले कक्षा ११ को पूर्व तयारी कक्षाहरु आफु खुसी बिद्यार्थीहरुसंग चर्को मुल्य अशुल्दै पठन पाठन गराउने भएकोले त्यसका बिरुद्ध महानगरले कक्षा संचालनमा रोक लगाएको महानगरका शिक्षा महाशाखा प्रमुख हेम प्रसाद आचार्यले बताए । बैठकले शैक्षिकशत्र २०८० का लागि विद्यालय हाताभित्र पाठ्यपुस्तक तथा अन्य शैक्षिक सामाग्रीहरू बिक्री वितरणमा समेत रोक लगाएको उनले बताए । उनले भने "पोखरा महानगरपालिकाले महानगर भित्र सञ्चालित विद्यालय शिक्षालाई व्यवस्थित तथा प्रभावकारी बनाउन विभिन्न निर्देशनहरू जारी गरेको छ, शिक्षाको नाममा विभिन्न ढंगले भएको अनियमिततालाई हामीले नियन्त्रण गर्न खोजेका हौं ।"

विद्यालयहरूले शिक्षा नियमावलीमा उल्लेखित शीर्षकहरूमा बाहेक एउटै विद्यालयमा अध्ययन गर्दा अध्ययन अवधि भर भर्ना शुल्क बापत एक पटक मात्र अधिकतम २ महिनाको शुल्क भन्दा बढी लिन नपाइने महाशाखा प्रमुख आचार्यले बताए । विद्यालयहरुलाई विना प्रमाणपत्र विद्यार्थीहरू भर्ना नगर्न समेत महानगरपालिकाले निर्देशन दिएको छ। शैक्षिक सत्र २०८० को पठनपाठन वैशाख १० गतेबाट शुभारम्भ गर्ने निर्णय गरेको महानगरले कक्षा १० सम्म अध्ययन गरिरहेका विद्यार्थीहरूले सोही विद्यालयमा अध्ययन गर्न चाहेमा अनिवार्य रूपमा भर्ना लिनु पर्ने प्रावधान बनाएको छ। साथै महानगरभित्र सञ्चालित विद्यालय क्षेत्रको १०० मिटर दुरी भित्र सुर्ती तथा मदिराजन्य वस्तुहरूको बिक्री वितरणमा पूर्णतया निषेध गरिएको आचार्यले जनाए ।

यसअघि विद्यालयहरूले सञ्चालन गरिरहेको बस सेवा अवधि लामो भएको जनगुनासो आएकाले सो सम्बन्धमा आगामी शैक्षिकशत्र बाट विद्यालय सुरु हुनु पूर्व एक घण्टा तीस मिनेट अगाडीबाट मात्र बस सेवा सञ्चालन गर्न महानगरले निर्देशन गरेको छ । महानगरको निर्देशनमा भनिएको छ, "स्कुल बसहरू विद्यालय सुरु हुनुभन्दा १ घण्टा ३० मिनेट अगाडीबाट मात्र विद्यार्थी ल्याउने कार्यमा प्रयोग गर्नु पर्नेछ ।" यस्तै विद्यालयहरूलाई २० वर्ष भन्दा पुराना सवारी साधनहरू प्रयोगमा रोक लगाउनुका साथै प्रत्येक ६-६ महिनामा पूर्ण सर्भिसीङ गर्न महानगरले निर्देशन दिएको छ । जारी निर्देशनहरूलाई पूर्ण रूपमा कार्यान्वयन गर्न-गराउन सरोकारवालाहरूलाई परिपत्र गरी उक्त निर्देशनहरूको परिपालना नभए नियमानुसार कारबाही गर्ने पनि महानगरले चेतावनी दिएको छ। शैक्षिक संस्थाहरूलाई चुस्त, सहज, सर्वसुलभ र व्यवहारिक बनाउनका निम्ति जारी गरिएको निर्देशनलाई आगामी दिनहरूमा आवश्यकता अनुसार समयानुकूल बनाउँदै लैजाने भएको महानगरले जनाएको छ।

## स्वच्छ र स्वस्थ प्रतिस्पर्धा गरौँ : सभापति लामिछाने

**पोखरापत्र संवाददाता**
दमौली, २५ चैत

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का केन्द्रीय सभापति रवि लामिछानेले निर्वाचनमा स्वच्छ र स्वस्थ प्रतिस्पर्धा आवश्यक रहेको बताउनुभएको छ । तनहुँको आँबुखैरेनी गाउँपालिका-३ मा शनिबार आयोजित चुनावीसभालाई सम्बोधन गर्दै सभापतिलामिछानेलेआफूस्वच्छ राजनीति गर्न सदैव सक्रिय रहेको उल्लेख गर्नुभयो ।

"हामी स्वच्छ राजनीति गर्न चाहन्छौँ, अरु दललाई पनि हामी यही आह्वान गर्छौँ", उहाँले भन्नुभयो, "कुनै पनि उम्मेदवारविरुद्ध दुर्भाव छैन । सबैलाई यही आह्वान गर्छौं ।" लोकतन्त्रको सुन्दर पक्ष भनेको प्रतिस्पर्धा भएकाले यो सुन्दर पक्षलाई सबैले अवलम्बन गर्नुपर्नेमा लामिछानेले बताउनुभयो । "यो नै लोकतन्त्रको विशेषता हो, देशका मालिक जनता हुन्", उहाँले भन्नुभयो ।

तनहुँ-१ का जनता जुनसुकै पार्टीमा भए पनि यसपटक देशका लागि सोचेर मतदान गर्न लामिछानेले आग्रह गर्नुभयो । "सबै दलप्रति हाम्रो सद्भाव छ, अन्य दलमा आबद्ध भए पनि दल फेर्नु पर्दैन, एकपटक मतमात्र फेर्नुस्, देश विकासको जिम्मा हामी लिन्छौँ", उहाँले भन्नुभयो । तनहुँ-१ का प्रतिनिधिसभा सदस्य उम्मेदवार डा स्वर्णिम वाग्लेले राजनीतिक सङ्ल्याउने र अर्थतन्त्र उकास्ने लक्ष्यसहित चुनावी मैदानमा होमिएको बताउनुभयो । उहाँले राजनीति दूषित हुँदा देश विकासमा पछाडि परेको बताउँदै वाग्लेले राजनीतिलाई सफा बनाउनुपर्ने आवश्यकता रहेको उल्लेख गर्नुभयो । डा वाग्लेले आफू सुसंस्कृत राजनीतिज्ञ बन्न चाहेको बताउँदै अरुलाई गाली नगर्ने बताउनुभयो । "अरुलाई गाली गर्ने फुर्सद छैन, कामबाटै विरोधीलाई जवाफ दिन्छु", उहाँले भन्नुभयो । वाग्लेले देश विकासको मोडल तनहुँबाट सुरु गरिने बताउँदै अन्य ठाउँले पनि यहाँबाट सिक्ने अवसर पाउने जिकिर गर्नुभयो । "खानेपानी र बाटो बनाउनेमात्र नेता यहाँका जनताले खोजेका होइनन्, समग्र देशकै आर्थिक उन्नति उकास्ने नीति बनाउने नेता जनताले चाहेका छन्", वाग्लेले भन्नुभयो । प्रतिनिधिसभा सदस्य एवं पूर्व शिक्षामन्त्री शिशिर खनालले तनहुँ-१ ले गर्व गर्न लायक उम्मेदवार पाएको बताउनुभयो । सहमहामन्त्री कविन्द्र बुर्लाकोटीले सुशासन र आर्थिक समृद्धि आफ्नो पार्टीको प्रमुख कार्यभार रहेको बताउनुभयो ।

## नेपाली नयाँ वर्षमा लेकसाइड खपौदीमा मेलाको आयोजना

**पोखरापत्र संवाददाता**
पोखरा, २५ चैत

नयाँ वर्षमा खपौदीमा मेलाको आयोजना गरिने भएको छ।

फेवा पर्यटन विकास समितिले नेपाली नयाँ वर्ष २०८० को अवसर पारेर 'फस्ट खपौदी कार्नीवल' नाम दिएर मेला गर्न लागेको हो।


बाँकी अन्तिम पृष्ठमा ▶▶




शनिबार चलचित्र पत्रकार संघ कास्कीको समन्वयमा आयोजना

## महेन्द्रपुल बजार समितिको अध्यक्षमा कोइराला

**पोखरापत्र संवाददाता**
पोखरा, २५ चैत

साँघुमुख महेन्द्रपुल बजार समितिको एघारौं साधारण सभा तथा छैटौ अधिवेशनले नबराज कोइरालाको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ।

शनिबार पोखरामा सम्पन्न भएको उक्त अधिवेशनले दुई बर्षीय कार्यकालको लागि कोइरालाको अध्यक्षतामा सर्वसम्वत नयाँ कार्यसमिति चयन गरेको हो । त्यसै गरी समितिको उपाध्यक्षमा नारायण बाँस्तोला, महासचिवमा दुर्गा रन्जित श्रेष्ठ, सचिवमा राजु सुनार, कोषाध्यक्षमा राजेन्द्र



अधिकारी र अन्य सदस्यहरुमा कृष्णहरि भट्टराई, श्रीराम गौतम, शिव आचार्य, रमेश सापकोटा, दिपा कार्की, मनिषा रेग्मी, रुद्र बस्नेत र केदार बराल रहेका छन् । पोखरा महानगरपालिकाका प्रवक्ता एवं पोखरा २५ का वडा अध्यक्ष मोतिराज तिमिल्सिनाले उक्त कार्यक्रमको उद्घाटन गर्दै पार्किङ समस्या र बढदो ब्याजदरका कारण देखिएको आर्थिक मन्दी र करका समन्धमा नगरपालिकाले व्यावसायि मैत्री योजना ल्याउन लागेको बताए ।

बजार समितिका अध्यक्ष रामचन्द्र तिमिल्सिनाको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको उपाध्यक्ष नबराज कोइरालाले बताए । कोभिड पछि हाल व्यवसायिकहरु निकै मारमा परेको महासचिव हरि तिवारीले गुनासो गरे ।

## पत्रकारिता पुरस्कारको घोषणा

**पोखरापत्र संवाददाता**
पोखरा, २५ चैत

नेपाल पत्रकार महासङ्घ कास्की शाखामा स्थापित चार पुरस्कार तथा सम्मानको निर्णय सार्वजनिक गरिएको छ।

महासङ्घको शुक्रबार बसेको बैठकले 'पोखरा पत्रकारिता सम्मान-२०७७' बाट पत्रकार नवीन सिग्देल र विसं २०७८ को 'टङ्कादेवी-तुलसीप्रसाद पत्रकारिता पुरस्कार' पत्रकार भुपाल गुरुङलाई प्रदान गरिने भएको हो।

'पोखरा पत्रकारिताका सम्मान'को राशि रु ३५ हजार र पत्रकार गुरुङले प्राप्त गर्ने पुरस्कारको राशि रु २० हजार एक सय ११ रहेको छ। यस्तै 'जगन्नाथ सिग्देल युवा प्रोत्साहन पुरस्कार-२०७८' पत्रकार गौरव त्रिपाठी र २०७९ पत्रकार दुर्गा रानालाई प्रदान गर्ने निर्णय भएको शाखाका अध्यक्ष विमला भण्डारीले जानकारी दिनुभयो ।




# नेवा मिसा पुचः कास्कीमा नयाँ कार्यसमिति चयन

पोखरापत्र संवाददाता
पोखरा, २५ चैत

नेवा मिसा पुचः कास्कीमा नयाँ कार्यसमिति चयन भएको छ। नेवा मिसाः पुचः कास्कीको शनिवार भएको चौँथो अधिवेशनले संगीता श्रेष्ठको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो ।

अधिवेशनले प्रथम उपाध्यक्षमा शक्ति प्रधानाङ्गलाई चयन गरेको छ । त्यस्तै दित्तीय उपाध्यक्ष रेवीका श्रेष्ठ, महासचिव किरण विजुक्छे, उपमहासचिवमा रजनी श्रेष्ठ तथा कार्यसमिति सदस्यहरुमा अन्जु बाटाजु, सविना विजुक्छे, कमला श्रेष्ठ, मिना प्रधान सरस्वती श्रेष्ठ, मिरा श्रेष्ठ, सगीता श्रेष्ठ, शान्ता श्रेष्ठ र भवानी माकाजु चयन हुनुभएको छ। यस्तै आमन्त्रित सदस्यहरुमा भावना श्रेष्ट, युगेन पालीखे, शान्ती श्रेष्ठ, इन्द्रा श्रेष्ठ, पविता श्रेष्ठ,बिष्णु श्रेष्ठ , निर्मला श्रेष्ठ, शमीला प्रधानाङ्ग ,शोभा श्रेष्ठ, रेष्मा श्रेष्ठ, सिता देवांजु, सविता श्रेष्ठ र शर्मिला श्रेष्ठ रहनुभएको छ ।



नेवा मिसा पुचः कास्कीको नवौँ साधारणसभा तथा चौँथो अधिवेशनको अवसरमा आयोजित कार्यक्रममा बोल्दै प्रतिनिधि सभा सांसद विद्या भट्टराईले नेवा मिसा पुचःले नेवा संस्कृति जगेर्ना राख्न महत्वपुर्ण भुमिका खेलेको बताउनुभएको छ। एमाले सांसद भट्टराईले नेवा मिसा पुचः कास्कीले महिला सशक्तिकरण गर्नमा समेत महत्वपुर्ण भुमिका खेलेको बताउनुभयो । महिला सशक्तिकरणको बारेमा बोल्दै उहाँले अझैपनि महिलाहरुमा सिप क्षमता र दक्षता भएर पनि उद्यमशिल बन्न निकै समस्या भोग्नुपर्ने अवस्था रहेको बताउनुभयो ।

कार्यक्रममा नेवा खलः कास्कीका अध्यक्ष अशोक पालिखेले नेवारी समुदाय अझैपनि अगाडी बढ्न हिचकिचाउने गरेको बताउदै नेवार समुदायका मानिसहरु खाली अरुलाई अगाडी सार्ने र भऱ्याङ मात्र बनेको बताउनुभयो। साथै उहाँले आगामी स्थानीय तह निर्वाचनमा कास्कीका सबै पालिकाहरुमा सके अध्यक्ष र कम्तिमा पनि वडा सदस्यमा भएपनि नेवारी महिलाहरुले उम्मेदवारी दिनुपर्ने र यसमा नेवा खल कास्की र नेवा मिसा पुचःले आवश्यक सहयोग गर्ने बताउनुभयो ।

नेवा मिसा पुचको चौँथो अधिवेशन सँगै अध्यक्ष मेनुका श्रेष्ठको कार्यकाल सकिएको छ । कार्यक्रममा बोल्दै अध्यक्ष श्रेष्ठले नेवारी सस्कार संस्कृति र नेवारी महिलाहरुको शसक्तिकरण गर्नमा सक्दो कोशिस गरेको बताउनुभयो । साथै उहाँले आफ्नो कार्यकाल सफल भएको दावी समेत गर्नुभयो । आफ्नो कार्यकालमा सहयोग गर्ने सबैलाई धन्यवाद दिदै निवर्तमान अध्यक्ष श्रेष्ठले आगामी दिनहरुमा पनि कास्कीमा रहेका विभिन्न सरकारी निकायले नेवा मिसा पुचः कास्कीलाई सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो ।

# कानूनमन्त्री गाहामगरद्वारा कोरला नाकाको स्थलगत अवलोकन

पोखरापत्र संवाददाता
पोखरा, २५ चैत

गण्डकी प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री एवम् प्रदेश सरकारका प्रवक्ता रोशन बहादुर गाहा थापा मगरले मित्रराष्ट्र चीनसँग जोडिने कोरला नाकाको स्थलगत अवलोकन गर्नुभएको छ।

विभिन्न कार्यक्रमसहित मुस्ताङ पुग्नुभएको मन्त्री गाहामगर नेतृत्वको टोलीले सीमाको अवस्थाबारे स्थलगत अवलोकन गर्नुभएको हो । मन्त्री गाहामगर नेतृत्वको टोलीलाई लोमान्थाङ गाउँपालिकाका अध्यक्ष, वडाध्यक्ष तथा जनप्रतिनिधिहरुले सीमा र गाउँपालिकाको समस्याको बारेमा जानकारी गराएका थिए ।



स्थलगत अवलोकन पश्चात बोल्दै मन्त्री गाहामगरले कोरला नाकालाई सञ्चालनमा ल्याएको खण्डमा प्रदेशको आर्थिक विकासमा सघाउ पुग्ने बताउनुभयो। उहाँले सो नाकाको अवलोकन गर्न पहिलेपनि गएको बताउदै संघीय सरकारले नीतिगत रुपमा विशेष पहल गर्नुपर्ने धारणा राख्नुभयो । साथै चालु आर्थिक वर्षमा गण्डकी प्रदेश सरकारबाट सो नाकामा भौतिक संरचना निर्माणका लागि रकम विनियोजन भएको बताउनुभयो ।

अवलोकनका क्रममा मन्त्री गाहामगर नेतृत्वको टोलीलाई चिनियाँ सीमा सुरक्षामा रहेका प्रहरी टोलीले खादा लगाएर स्वागत गरेका थिए। सो अवलोकनमा आन्तरिक मामिला तथा कानूनमन्त्री रोशन बहादुर गाहा थापा, मन्त्रालयका सचिव बद्रीनाथ अधिकारी, नेपाल प्रहरी गण्डकी प्रदेशका प्रमुख प्रहरी नायब महानिरीक्षक बुद्धिराज गुरुङ, लोमान्थाङ गाउँपालिका अध्यक्ष टसी न्हर्वु गुरुङ, मुस्ताङका प्रमुख जिल्ला अधिकारी अनुप केसी, नेपाली सेनाका प्रमुख सेनानी इन्द्रराज गुरुङ, सशत्र प्रहरी बल नेपाल नम्बर ३३ गुल्म मुस्ताङका सशत्र प्रहरी नायब उपरीक्षक यज्ञमान साउद, जिल्ला प्रहरी कार्यालय मुस्ताङका प्रमुख प्रहरी नायब उपरीक्षक रविन्द्रनाथ पौडेल, मन्त्रालयका उपसचिव सुरण शर्मा पौडेल र चण्डिका पौडेल, मन्त्रालयका सुचना अधिकारी शिव लम्साल, अन्य शाखा अधिकृतहरु तथा लोमान्थाङ गाउँपालिकाका वडाध्यक्ष, सदस्यहरु साथै स्थानीय नागरिकहरुको सहभागिता रहेको थियो ।

# नेपाली...

गरिएको पत्रकार सम्मेलनमा बोल्दै फेवा पर्यटन विकास समितिका अध्यक्ष अर्जुन सुवेदीले चैत ३० र बैसाख १ गते दुई दिने मेलाको आयोजना गरिएको जानकारी गराए। मेला पहिले प्याराग्लाइडिङ ल्याण्डिङ हुने स्थानमा हुनेछ । 'हामीले नेपाली नयाँ वर्षको अवसर पारेर 'फस्ट खपौदी कार्नीवल' नाम दिएर मेलाको आयोजना गर्न लागेका हौं । फेवा पर्यटन विकास समिति पाँच वर्षदेखि क्रियाशील संस्था भएता पनि कार्यक्रम भने पहिलो हो ।',उनले भने। उनले मेला चैत ३० गते साँझबाट अनौपचारिक रुपमा सुरु गरिने र बैसाख १ गते नै औपचारिकता गर्ने गरी तयारी गरिएको बताए । फेवातालको उत्तर तर्फको गैह्राचौतारा देखि चंखपुर पामे सम्मको क्षेत्र आन्तरिक तथा बाह्य पर्यटकहरुका लागि आकर्षण केन्द्रविन्दु भएका कारण पर्यटकहरुलाई नै आकर्षित गर्ने उद्देश्य स्वरुप कार्यक्रमको आयोजना गरिएको उनले उल्लेख गरे ।

मेलामा स्थानीय नौमती बजा सहित विभिन्न समुदायको झाँकीहरु प्रदर्शन गरिनेछ । ख्याती प्राप्त कलाकारद्वारा दुई दिन नै सांगीतिक तथा सांस्कृतिक प्रस्तुति रहने मेलाका सांस्कृतिक संयोजक अल्फान्जो रिसोर्टका संचालक सुभाष भट्टराईले जानकारी दिए। उनले उक्त कार्यक्रममा लाइभ ब्याण्ड र डिजे सेसन पनि रहने उल्लेख गरे। खानाका विभिन्न स्टलहरु मेलामा रहनेछन् ।

स्थानीय माछा तथा कृषि उत्पादनको प्रदर्शन सहित डुङ्गा दौड लगायतका खेलकुदका कार्यक्रमहरुलाई पनि प्राथमिकतामा राखिएको भट्टराईले बताए । फेवा पर्यटन विकास समितिमा हाल एक सय भन्दा बढी व्यवसायीहरु आबद्ध छन् । कोभिड महामारीको कारण थला परेको पर्यटन क्षेत्रलाई माथि उकास्न समितिले यसअघि सानातिना सामाजिक र व्यवसायिक कार्यक्रम गर्दै आएको छ। कोभिड पछि अर्थतन्त्रमा सुधार नहुँदा यस्ता मेला महोत्सव मार्फत अर्थतन्त्र चलायमान बनाउन मदत पुग्ने विश्वास आयोजकको छ। कार्यक्रमलाई सफल पार्न २५ लाख खर्च लाग्ने अनुमान गरिएको छ। मेला अवधिभर २० हजार भन्दा बढी दर्शक भित्र्याउने लक्ष्य राखिएको छ। प्रवेश निशुल्क हुँदा पनि मेलाले सफलता प्राप्त गर्ने दाबी आयोजकको छ । सोहि समयमा पोखरामा फेवा नयाँ वर्ष महोत्सवको आयोजना गरिएता पनि आफुहरु भने उक्त कार्यक्रमको समेत समर्थनमा रहेको अध्यक्ष सुवेदीले बताए । हानले वर्षेनी गर्दै आएको फेवा नव वर्ष महोत्सवमा आफुहरुलाई समावेश नगरिएता पनि फेवा पर्यटन विकास समिति भने उक्त महोत्सवलाई समेत सफल बनाउन लागिपर्ने भनाई उनको छ।

# काठमाडौंवासीलाई फेवा महोत्सवको निम्ता

पोखरापत्र संवाददाता
पोखरा, २५ चैत

यही चैत २९ गतेबाट पोखरामा संचालन हुने तीन दिने १८ औं फेवा नब वर्ष महोत्सवमा सहभागिताका लागि होटल संघ पोखरा नेपालले काठमाडौंवासिलाई निमन्त्रण प्रदान गरेको छ।



संघले हालै काठमाडौंमा पत्रकार सम्मेलन गरी नेपाली संस्कृतिको संरक्षण गर्दै नयाँ बर्षलाई धुमधामका साथ मनाउन लेकसाइड स्थित फिस्टेल गेटदेखि हल्लनचोकसम्म आयोजना हुने महोत्सवमा भाग लिन राजधानीवासीलाई आग्रह गरेको हो । पर्यटन, संस्कृति र खानालाई जोड दिएर आयोजना हुन लागेको महोत्सवको तयारी अन्तिम चरणमा पुगेको सो अवसरमा जानकारी दिइयो ।

संघका अध्यक्ष एवं महोत्सवका संयोजक लक्ष्मण सुवेदीले महोत्सवका अवसरमा प्रकाशित दररेटमा संघ अन्तर्गतका होटलले २० प्रतिशत छुटको समेत घोषणा गरेको जानकारी दिए । नेपाली नयाँ वर्ष महोत्सवले कोभिड-१९ पछि सुस्ताएको पर्यटनलाई पुनरुत्थान गर्दै लयमा ल्याउने अपेक्षा अध्यक्ष सुवेदीले व्यक्त गरे। अहिले पोखरामा होटलको अकुपेन्सी ८० देखि ९० प्रतिशत हुनुपर्नेमा मुश्किलले ३० प्रतिशत रहेको उनले सुनाए।

पृथ्वी राजमार्गको सुस्त र अव्यवस्थित स्तरोन्नती तथा गत माघ एक गते पोखरामा भएको यति एयरलाइन्सको जहाज दुर्घटनाले पोखराको पर्यटन सुस्ताउन पुगेको जानकारी पनि उनले दिए।

सन् २०२० मा भ्रमण बर्ष मनाउने नाममा सरकारले व्यवसायीलाई होटल क्षेत्रमा लगानी थप्न उक्साउँदा अहिले व्यवसायी समस्यामा परेको गुनासो पनि उनले गरे। यसैगरी बैंकले पनि ऋण लिन जोडबल गर्दा र सात प्रतिशतको व्याज अहिले मनोमानी रुपमा १६ प्रतिशत पुऱ्याउँदा होटल क्षेत्र मारमा परेको अध्यक्ष सुवेदीले बताए । होटल संघ नेपालका द्वितीय उपाध्यक्ष प्रवीणवहादुर पाण्डेले पोखरालाई साहसिक पर्यटनको राजधानीको रुपमा विकास गरिनुपर्ने सुझाव राखे । पर्यटन व्यवसायले विदेशी मुद्रा भित्र्याउन मद्दत गर्ने स्मरण गराउँदै उनले यो क्षेत्रलाई उद्योग सरहको मान्यता सरकारले दिनुपर्ने माग राखे । पर्यटनको विकास भयो भने अन्य धेरै क्षेत्र लाभान्विन हुने पनि उनले बताए।

संघका केन्द्रिय सदस्य एवं होटल संघ पोखरा नेपालका पूर्व अध्यक्ष भरतराज पराजुलीले कला र संस्कृतिको जगेर्ना नै फेवा महोत्सवको मूल उद्धेश्य भएको बताए। नेपाली परम्परा जोगाउन महोत्सव सहयोगी हुने बताउँदै उनले महोत्सवका अवसरमा राम्रो कारोबार भई आर्थिक क्षेत्र चलायमान हुन मद्दत पुग्ने भनाई पनि राखे । महोत्सवका अवसरमा झण्डै ५० हजार पर्यटकले लेकसाइडको भ्रमण गर्ने अनुमान पनि उनले सुनाए।

पत्रकार सम्मेलनको संचालन संघका महासचिव एवं प्रचार संयोजक राजेन्द्र ढकालले गरेका थिए। बाह्रसिंगे वियर महोत्सवको प्रायोजक र अन्नपूर्ण केवलकार प्रालि सहप्रायोजक रहेका छन् । नेपाल पर्यटन बोर्डले प्रवर्द्धन गर्ने कार्यक्रमलाई पोखरा महानगरपालिकाले सघाएको छ।

# आलु महोत्सवको तयारी पुरा

पोखरापत्र संवाददाता
पोखरा, २५ चैत

यहि वैशाख ३ गतेसम्म हेमजामा हुन लागेको ११ औं संस्करणको राष्ट्रिय हेमजा आलु महोत्सवको तयारी पुरा भएको छ । आयोजक विष्णुपादुका क्लवले महोत्सवको सम्पूर्ण तयारी पुरा भएको र भोली विहान १० बजे मिलनचोकबाट शोभायात्रा निकालिने जनाएको हो।

महोत्सवको गण्डकी प्रदेशका कृषि उर्जा तथा जलस्रोत मन्त्री वेदबहादुर गुरुङले उद्घाटन गर्ने कार्यक्रम छ ।महोत्सवमा प्रतिकिलो रु.३५ मा आलुको कारोवार हुनेछ भने करिव ४० टन आलु बिक्रीवितरण हुने अपेक्षा गरिएको छ ।कुल एक सय २० वटा स्टल रहेकोमा करिव २५ प्रतिशत कृषि स्टल रहेको महोत्सवका महासचिव बसन्तकुमार श्रेष्ठले जानकारी दिए । महोत्सव अन्तर्गत आलु तथा ताजा तरकारीको बृहत प्रदर्शन, आलुको पहाड निर्माण, आलुका विभिन्न परिकारहरु प्रदर्शन तथा प्रशिक्षण, माटो, बोटविरुवाको परीक्षण तथा रोगको निधान, कृषि सम्बन्धी विविध सांस्कृतिक कार्यक्रम, कृषि झाँकी प्रदर्शनी, विभिन्न कृषि उपज, विउ विजन तथा अन्य कृषि यन्त्रको प्रदर्शनी, कृषक सम्मान तथा पुरस्कार लगायतका कार्यक्रम हुनेछन् ।त्यस्तै पोखरा महानगरपालिका कृषि महाशाखाले कृषक परिचयपत्र पनि वितरण गदैछ।

महोत्सवसँगै हेमजामा उत्पादन भएको आलु तथा अन्य ताजा तरकारीको प्रचारप्रसार हुने, हेमजालाई व्यवसायिक कृषि पर्यटकीय क्षेत्रका रुपमा देश विदेशमा चिनाउने, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत विभिन्न समूहमा व्यवसायिक कृषि खेती संचालन गर्न सहयोग तथा अभिप्रेरणा मिल्ने, क्लव भवन, तरकारी संङकलन तथा बिक्री वितरण केन्द्र निर्माण गर्ने लगायतका उद्देश्य पनि राखिएको छ। कोरोना भाइसरका कारण विगत ३ वर्षसम्म हुन नसकेको महोत्सवलाई यस वर्षदेखि क्लवले निरन्तरता दिन लागेको हो ।सुन्दर ठाउँ हेमजा जाऔं, आलुका स्वादिष्ट परिकार खाउँ, आलु एक परिकार अनेक भन्ने नाराका साथ महोत्सव गर्न लागिएको हो।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ
डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा

धनवस्तरी आयुर्वेद हस्पिटल एण्ड रिर्सच सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी डा. राजिव घिमिरे पोखरामा यही मिति बैशाख २ गते शनिबार आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस् ।

हाम्रो सेवाहरु :
पाइल्स :कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्वार दुख्ने चिलाउने, सुनिने आदि ।
फिस्टुला :मलद्वारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने
फिसर :मलद्वारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने
ग्याष्ट्रिक :मुखबाट अमिलो पानी आउनु, बाकवाकी हुने, पेट दुख्ने
अन्य रोगहरु :अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि

नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसुत्र विधिद्वारा विना अपरेशन उपचार गरिन्छ ।

बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फोन नं. ५३५१५४, ९८४६०४११३१, ९८०४१७२५३१, ९८५१०१६६५४
नयाँ तथा पुराना विरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला ।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# हक अधिकार सुनिश्चितताका लागि कानूनी सचेतना

**पोखरापत्र संवाददाता**
पोखरा, २५ चैत

हक अधिकार सुनिश्चितताका लागि महिला कानूनी रुपमा सचेत हुनु पर्नेमा एक कार्यक्रमका बक्ताले जोड दिएका छन् ।

पोखरा १७ आँखा अस्पतालचोकस्थित नारीशक्ति जागरण आमा समुहद्धारा आयोजित नयाँ बर्ष २०८० सालको शुभकामना आदान प्रदान तथा कानूनी सचेतना कार्यक्रममा बोल्ने बक्ताहरुले कानूनी अधिकारकावारे स्पष्ट हुनु पर्नेमा वक्ताहरुले जोड दिएका हुन । पोखरा महानगरपालिका वडा नं. १७ का वडाअध्यक्ष विक्रम गुरुङले कार्यक्रमको उद्घाटन गर्दै महिलाहरु घरायसी लेनदेखका बिषयमा सचेत हुनु पर्नेमा जोड दिँदै महिला सशक्तिकरणका लागि वडाकोतर्फबाट सक्दो सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।




कार्यक्रमका प्रशिक्षक अधिवक्ता निर्मला सुवेदीले महिलाहरु संगठित भएर प्राप्त अधिकारको उपयोग गर्दै थप अधिकारका लागि लड्नु पर्ने आवश्यकता औल्याउनुभयो ।

संञ्चारकर्मी हरि बास्तोलाले विभेदको अन्त्यका लागि महिलाहरु आर्थिक र शैक्षिकरुपमा सक्षम हुनुको विकल्प नभएको बताउँदै कानूनी सचेतनाले नेतृत्व विकासमा समेत थप टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो । समुहका अध्यक्ष प्यारी गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा शुभकामना आमा समुहका अध्यक्ष कोकिला श्रेष्ठ, समाजसेवी लिलबहादुर जिसी, घारिपाटन वचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष कृष्णकला केसी, क्षेमता अभिवृद्धि कार्यक्रम संयोजक सिमा शर्मा, गोमा श्रेष्ठ, उपाध्यक्ष राधादेवी पौडेल लम्साल लगायतले नयाँ बर्षको शुभकामना सहित कार्यक्रमको औचित्यमाथि प्रकाश पार्नुभएको थियो । एक दिने उक्त कार्यक्रममा समुहमा आवद्ध ६० जना आमाहरुको सहभागिता रहेको थियो ।

# पात्रविहिन मञ्चमा गुञ्जाइयो मुख थुन्न नहुने सिर्जना

**पोखरापत्र संवाददाता**
पोखरा, २५ चैत

गलपासो भयो आज गणतन्त्र भनीकन
जनआवाज उद्दैछ घनीभूत बनीकन
स्वतन्त्रता छ है भन्छौ जनको मुख थुन्दछौ
माछा नै छैन खोलामा के निम्ति जाल बुन्दछौ ।

यी कविताका हरफ हुन गण्डकी प्रज्ञा-प्रतिष्ठानका कुलपति सूर्य खड्का बिखर्चीका । आफ्नो कार्यव्यस्तताले वारेसमार्फत् पठाएका सिर्जनासँगै यस्तै-यस्तै रचनावाचनले शनिवार पृथ्वीचोक आसपासको सडक गुञ्जयमान भयो । कुलपति बिखर्ची मात्र होइन, गण्डकी प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सदस्य सरस्वती श्रेष्ठ सरु र अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज अनेसासका आजीवन सदस्य लक्ष्मण थापासमेतले व्यस्तताका बाबजुद यसरी नै सिर्जनाकामार्फत् सहभागिता जनाए । यी रचनासँगै अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज गण्डकीका महासचिव असफल गौतमले सुनाए:

सत्ता र बेइमानी बीचको नाता चुट्याउन आउँदैन भने
के हो सही के हो गलत खुट्याउन आउँदैन भने
जनसेवक भन्दै छाती फुलाउँदै के हिँड्छौं मुर्ख हो !
मुख र मलद्धारमा फरक छुट्याउन आउँदैन भने ।



वर्तमानमा देखिएका वेथितिका विरुद्धको खबरदारीसहितका सडक कविताबाचन गर्ने सबै कुराको चाँजोपाँजो जरोठुप्पो संरक्षण साहित्य समाज नेपालले मिलाएको हो ।

संविधान भन्दा माथि कोही नहुने भएकाले पछिल्लो समय देशमा विकसित भइरहेका विविध घटनाक्रमको सांकेतिक विरोधस्वरूप संस्थाले पृथ्वीचोकको गोलघर अगाडिको वातावरण मान्छेको मुख थुन्न हुँदैन सडक कविताबाचन कार्यक्रममार्फत् गुञ्जयमान बनाएको हो ।

कार्यक्रमको औचित्यमाथि जरोठुप्पो संरक्षण साहित्य समाज नेपालका परिकल्पनाकार तथा संस्थाका महासचिव मदन भण्डारीले प्रकाश पारेका थिए । उनले राज्यले महत्वपूर्ण निर्णय रातको १२ बजे महँगा सोफामा बसेर गर्ने तर कवि र किसानहरू सडकमा पसिना बगाएर स्वस्थ हुने भएकाले मध्यान्हको १२ बजे सडकमा मञ्च खाली राखेर कार्यक्रम आयोजना गरिएको बताए । राज्यका कुर्चीहरूमा लायक पात्रहरु नभएकाले राज्यमा वेथिति बढेको ठहर गर्दै संस्थाले जनताका दुःख, दर्द जनताले लडेर ल्याएको आजको सरकारले नसुनेकाले सरकारलाई सुनाउन मञ्चमा आवाज राखेर सरकारको कानमा पुऱ्याउन खोजेको महासचिवको भनाइ थियो ।

संस्थाका उपाध्यक्ष प्रा.डा. यामबहादुर पौडेल क्षत्रीले राज्य पक्ष सदा जनताका लागि भन्दा कुर्चीका लागि दौडधुपमा रहेकाले संस्थाले मञ्चका कुर्ची पात्रविहिन बनाएर कार्यक्रम आयोजना गरेको बताए । संस्थाले गण्डकी प्रदेश भित्रका उत्कृष्ट २५ स्रष्टालाई शीर्षक दिएर रचनासहित सडकमा आमन्त्रण गरेको थियो सडकमा वाचित २५ कविका रचनालाई संस्थाको मुखपत्र हिमवत्खण्ड सौरभको आगामी अंकमा प्रकाशन गर्ने संस्थाका प्रवक्ता ताराबहादुर गुरुङले जानकारी गराए ।

लोकसंस्कृतिका अध्येता प्रा.डा. कुसुमाकर न्यौपानेले कवि कलाकारहरूले हाम्रो भाषामाथि भएको अन्यायका विरुद्ध मुख थुनेर बस्न नहुने बताए ।

राजनीतिक विश्लेषण महेन्द्रमान व्यथितले हाम्रा नेताहरूको दुषित विचारले नेपाल कहिल्यै नेपाल बन्न नसकेको टिप्पणी गरे ।

संस्थाका अध्यक्ष डा. नारायणप्रसाद अधिकारीले राज्यमा सुशासन कायमका लागि समयको कालक्रममा कवि कलाकारको ठूलो भूमिका रहेकाले वर्तमान वेथितिका विरुद्ध कार्यक्रम आयोजना गरिएको बताए ।

सञ्चारकर्मी शिवराज बस्ताकोटी शिवदाइ, अग्रज पत्रकार रुद्रबहादुर थापा, उदयबहादुर अमात्यले यस्ता कार्यक्रमले राज्यलाई सही दिशानिर्देश हुने धारणा राखे ।

कार्यक्रममा साहित्यकार डा. जगन्नाथ रेग्मी, शिवप्रसाद गौतम, छविलाल आचार्य, सडक कवि बलराम तिमिल्सिना तेजबहादुर गुरुङ अल्पविराम पोखरेली, धर्मराज अल्पायु, वसन्त विनोद, रमा पराशर, चाण्डे ठिटो, ढुण्डीराज ज्ञवाली, नरेन्द्र रानाभाट, विनोद अधिकारी, प्रकाश भण्डारी, नारायण बराल, सन्तोष लम्सालले आफ्ना रचनावाचन गरेका थिए ।

# राष्ट्रिय मिजार समाज नेपालको बिस्तारित बैठक पोखरामा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २५ चैत

राष्ट्रिय मिजार समाज नेपालको बिस्तारित बैठक शनिवार पोखरामा सम्पन्न भएको छ । बैठकले राष्ट्रिय भेला आगामी बैशाख २३ गते काठमाण्डौंमा गर्ने निर्णय गरेको छ ।

मिजार समाज नेपाल,सार्की समाज,सामुदायिक उत्थान नेपाल र राष्ट्रिय मिजार समाज नेपाल गरी चार वटा समाजलाई एकिकरण गरी राष्ट्रिय मिजार सार्की समाज नेपाल गठन गरिएको सो अवसरमा जानकारी गराइएको थियो । कार्यक्रमका प्रमुख अतिथी पूर्व संविधान सभासदस्य डिल बहादुर नेपालीले देशको मुल प्रवाहमा समाहित गर्ने तर्फ समाज उन्मुख हुनुपर्नेमा जोड दिए ।

मिजार जाति पनि यस देशका नागरिक भएकाले बिना भेदभाव बाँच्न र पाउनुपर्ने सेवा सुविधाबाट बञ्चित हुन नहुने उनको भनाई थियो । देशभरी करिब ६ लाखको हाराहारीमा रहेका मिजार जातिलाई सामाजिक कार्यदेखि रोजगारी क्षेत्रसम्म जोड्दै शिक्षा,निजामति सेवा,सेना र प्रहरी लगायतमा कार्यक्षेत्रमा कार्यरत कर्मचारीको लगत संकलन गरी अघि बढ्नुपर्नेमा सुझाव व्यक्त गरे । देशव्यापी संजाल भएको मिजार जातिले हातेमालो गर्दै संगठन बिस्तारमा अघि बढ्नुपर्ने उनले बताए । गण्डकी प्रदेशका संस्थापक साँसद जुनादेवी नेपालीले समुदायप्रति अपनत्व हुने गरी समाजले स्थानीयस्तरदेखि केन्द्रसम्म संगठन बिस्तार कार्यलाई जोड दिनुपर्ने बताइन् ।




विकास र समाजको उत्थान कार्यका लागि हुन गईरहेको राष्ट्रिय भेला एक किसिमको दिशा निर्देशन गर्नेमा जोड दिइन् । भानु नगरपालिकाकी उपप्रमुख उमा गोतामेले मिजार जातिहरु एक जुट भएर अघि बढेको देख्दा खुशी लागेको बताउँदै एकतामा बल हुने हुँदा एकजुट भएर लाग्नुपर्ने बताइन् ।

समाजका महासचिव अमृत बहादुर नेपालीले भुकम्प र कोरोनाले आक्रन्त बनेपछि समाज निष्क्रिय भई चलयमान कार्य गर्न नसकेपछि पुनः सक्रिय बनाउन लागेको बताए । समाजका अध्यक्ष होम नेपालीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा समाजका महासचिव अमृत बहादुर नेपाली, बरिष्ठ उपाध्यक्ष राज बसेल, संस्थापक सचिव जीत बहादुर नेपाली,खड्क बहादुर नेपाली,टुकलाल नेपाली,रामबहादुर बयलकोटी,श्याम दुलाल, प्रेम रग्तेल,गोपाल सुर्खाली लगायतका वक्ताहरुले आफ्ना भनाई राखेका थिए ।

सो अवसरमा विभिन्न पालिका, प्रदेश र संघमा पुगेका जनप्रतिनिधीहरुलाई सम्मान गर्दै संस्थापक अध्यक्ष लगायतका पदाधिकारीको दिवंगतहरुको सम्भनामा मौन धारण गरिएको थियो। उक्त बैठकले आगामी बैशाख २३ गते हुने राष्ट्रिय भेलालाई भव्य रुपमा सफल बनाउन सात वटै प्रदेशमा संयोजक तोकिएको छ । कोशी प्रदेशमा बिजय अच्छामी, मधेश प्रदेशमा होम नेपाली, बाग्मतिमा राजु बसेल र बिकास नेपाली, लुम्बिनीमा अमृत बहादुर नेपाली, गण्डकीमा गुञ्जमान कोइराला, कर्णालीमा बुद्धि नेपालीलाई तोकिएको छ ।

# माझठाना पोखरा सम्पर्क समाजमा–भोला

**पोखरापत्र संवाददाता**
पोखरा, २५ चैत

माझठाना पोखरा सम्पर्क समाजको छैठौ साधारण सभा चौथो अधिवेशनले भोला ओझाको अध्यक्षतामा १७ सदस्यीय नयाँ कार्य समिति सर्वसम्मत चयन गरेको छ ।

अधिवेशनले प्रथम उपाध्यक्षमा शारदा लामिछाने, द्धितीय उपाध्यक्षमा रामकृष्ण तिवारी, सचिवमा नरेश तिवारी, सहसचिवमा रामचन्द्र तिवारी, कोषध्यक्ष विष्णुहरि तिवारी, सहकोषाध्यक्ष वद्रीनाथ भुर्तेल निर्वाचित हुनु भएको छ ।

त्यसैगरि संस्थाको सदस्यहरुमा पुजन शर्मा,धनकुमारी भुर्तेल, राधिका भुर्तेल, यज्ञप्रसाद तिवारी, हरिप्रसाद कडेल, विनोद तिवारी, समन्तराज तिमिल्सिना, प्रकाशमणी तिवारी, सुमनबाबु अधिकारी र अमृतसागर तिवारी रहनु भएको छ । समाजसेवी नन्दलाल तिवारीले अधिवेशनको उद्घाटन गर्दै पर्यटन प्रवर्द्धनको प्रचुर सम्भावना बोकेको माझठानाको समग्र विकासमा संस्थाको महत्वपूर्ण भूमिका रहने विश्वास व्यक्त गर्नुभयो। अन्नपूर्ण र माछापुच्छे हिमश्रृखला, उर्वरभूमी माझठानाको टारी, हरियाली सहित वेगनासतालको मनोरम दृष्यावलोकन गर्न सकिने यस क्षेत्रमा पर्यटकको आकर्षण बढाउने खालका भौतिक निर्माण गर्नुपर्नेमा उहाँको जोड थियो ।

पोखरा २८ का वडाअध्यक्ष एवम् संस्थाका संस्थापक अध्यक्ष श्रीकृष्ण लामिछानेले यस क्षेत्रको विकासका लागि वडा र संस्था विच सहकार्य गर्नुपर्ने बताउँदै समृद्धिका लागि उत्पादनमा जोड दिनु पर्ने आवश्यकता औल्याउनुभयो। माझठाना जन्मभई पोखरामा बिभिन्न पेशा व्यवसायमा आवद्धहरुको सो संस्थाले प्रकाशन गरेको २०८० सालको भित्तेपात्रो विमोचन गर्नुको साथै सो समारोहमा एक आपसमा शुभकामना आदान प्रदान गरिएको थियो । कार्यक्रममा संस्थाका आजिवन सदस्यहरुलाई सम्मान पत्रद्धारा सम्मान गरिएको थियो।

संस्थाका अध्यक्ष दयाराम तिवारीको अध्यक्षतामा भएको कार्यक्रममा वडा सदस्य विरेन्द्र भण्डारी, नेकपा एमाले पोखरा महानगर उपाध्यक्ष मोहन गुरुङ, ट्याक्सी व्यवसायि कम्पनीका अध्यक्ष प्रकाशमणी तिवारी, संस्थाका पूर्व अध्यक्ष दुर्गादत्त भुर्तेल, सल्लाहकार तोयनाथ लामिछाने र सूर्यप्रकाश तिवारी, ग्रिन विकास वैकका प्रमुख हरिबहादुर बुढाथोकी लगायतले संघसंस्थाको महत्व माथि चर्चा गर्नुभएको थियो ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

हार्दिक समवेदना



जन्मः
वि.सं. १९९३/०४/१९ गते

स्वर्गारोहणः
वि.स. २०७९/१२/१४ गते

स्व. जगत बहादुर कार्की

यस धार्मिक संस्था श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समितिका सम्मानित पदेन सदस्य, गुठी खेत जग्गादाता सत्य कुमारी/ भक्त कुमारी थापा क्षेत्राणी परिवार पोखरा-१० र १२ का सदस्य भाइ सहित यस धार्मिक संस्थाका हितैषी सहयोगी **जगत बहादुर कार्की**को ८६ वर्षको उमेरमा ब्रह्ममलिन हुनु भएकोमा हामी अतिनै दुखित भएका छौं । आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुखद घडीमा उहाँका सोकसन्तप्त परिवारजन, बन्धुबान्धव, इष्टमित्र, आफन्तजन सबैमा धैर्यधारण गर्न सक्ने शक्ति श्री भद्रकाली माताले प्रदान गरुन् भन्ने प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

अन्त्यमा कालीमाताले हामी सबैको कल्याण गरुन् ।

योगेन्द्रमान श्रेष्ठ
अध्यक्ष एवं
श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समिति परिवार
कुँडहर, पोखरा-१२/१३